# सहकारी तथा गरिबी निवारण मन्त्रालयको गतिविधि

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) अनुसार प्रकाशित त्रैमासिक बुलेटिन)

| | | | | | |
|---|---|---|---|---|---|
| वर्ष २ | अंक ३ | असार, २०७१ | **Year 2** | **Vol. 3** | **June-July, 2014** |





**<u>प्रकाशक</u>**

**नेपाल सरकार**

**सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**सिंहदरबार**

## प्रथम राष्ट्रिय सहकारी महासम्मेलन, २०७० का केही झलकहरू





प्रथम राष्ट्रिय सहकारी महासम्मेलनमा सम्माननीय राष्ट्रपति श्री रामवरण यादव



**प्रधानमन्त्री श्री सुशिल कोइरालाका साथमा डेम पाउलिन ग्रीन**



**मन्त्रालयका सचिव श्री लालमणि जोशीबाट स्वागत मन्तव्य दिदै**



**मन्त्रालयका** सह सचिव **श्री सुरेश प्रधान**



**महासम्मेलनमा सहभागी सहकारीकर्मी हरू**

# प्रथम राष्ट्रिय सहकारी महासम्मेलन, २०७०

नेपाल सरकार (मं.प.) को मिति २०७०।११।२६ को निर्णयानुसार सहकारी तथा गरिबी निवारण मन्त्रीको अध्यक्षतामा ८५ सदस्यीय प्रथम राष्ट्रिय सहकारी महासम्मेलन मूल आयोजक समिति गठन गरिनुका साथै उक्त महासम्मेलन आयोजना गर्न आवश्यक पर्ने दायित्व आयोजक सबैले व्यहोर्ने गरी नेपाल सरकारले सोही प्रयोजनको लागि रु. ४० लाख सहकारी तथा गरि बी निवारण मन्त्रालयको विनियोजित बजेटबाट व्यवस्थापन गरी राष्ट्रिय सहकारी संघ लि. नेपाललाई सशर्त अनुदान उपलब्ध गराएको थियो ।

“सहकारी मार्फत दिगो आर्थिक विकास तथा सामाजिक न्याय ” भन्ने नाराका साथ ऐतिहासिक प्रथम राष्ट्रिय सहकारी सम्मेलन , २०७० चैत्र ११ देखि १३ गते सम्म काठमाडौंमा सम्पन्न भयो । सो सम्मेलनको समुदघाट्न सम्माननीय राष्ट्रपति डा. रामवरण यादबबाट भएको थियो । सो अवसरमा राष्ट्रपति डा. रामवरण यादवले सहकारीको गुणात्मक विकासमा जोड दिनुका साथै सहकारीको गुणात्मक विकासमा चुनौती थपिएको भन्दै त्यसतर्फ सचेत रहन ध्यानाकर्षण गराउनु का साथै सर्वसाधारणको विश्वास जित्न सहकारीकर्मीलाई आग्रह गर्नु भयो । सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्न जरुरी भइसकेको भन्दै उहाँले कृषि र पर्यटन क्षेत्रमा सहकारीले लगानी गर्न सके देशको अर्थतन्त्र स वल हुन सक्ने विश्वास प्रकट गर्नुभयो । निजीक्षेत्रसँग सहकार्य गरी गरिबी न्यूनीकरण गर्न सहकारीले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै राष्ट्रपति यादवले सामाजिक अर्थव्यवस्थामा सहकारीको भूमिका महत्वपूर्ण हुने भएकाले त्यसतर्फ सहकारी लाग्नुपर्ने बताउनुभयो । सो अवसरमा अर्थमन्त्री डा . रामशरण महतले सहकारी ग्रामीण क्षेत्रमा पुग्न नसकेको बताउनुभयो । सहकारी ऐन २०४८ अनुरूप सहकारी स्थापना हुनुपर्ने भए पनि अधिकांश सहकारी कम्पनी अनुरूप सञ्चालन भइरहेको उहाँको भनाइ थियो । ठूलो पूँजी हुनेले उद्योग खोल्नुपर्ने र सानो पूँजी हुनेले सहकारी खोल्नुपर्ने उहाँको सुझाव थियो । राज्यले दिएको प्रोत्साहनका कारण सहकारी क्षेत्रको विकास हुनुपर्ने भनाइ राख्दै उहाँले “सहकारी स्वतःस्फूर्त तरिकाले अगाडि आउन सक्नुपर्दछ, अनुदानको भरमा चल्न हुन्न भन्नुभयो ।” सहकारी पारदर्शी हुन नसकेका कारण सहकारीमा दिन प्रतिदिन समस्या देखिँदै गएको भन्दै उहाँले सहकारीलाई सही बाटोमा ल्याउन अनुगमनलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनुपर्ने बताउनुभयो । पूर्वप्रधानमन्त्री डा . बाबुराम भट्टराईले नेपालको अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका महत्वपूर्ण हुने भन्दै सहकारी क्षेत्र मार्फत देशको अर्थव्यवस्था कायापलट गर्न सकिने बताउनुभयो । समानुपातिक अर्थ व्यवस्थामा सहकारीले रचनात्मक काम गर्न सक्ने भन्दै उहाँले सहकारीमा निम्नवर्गको प्रतिनिधित्व हुनुपर्ने भए पनि उच्च र मध्यम वर्गको हालीमुहाली रहेको बताउनुभयो ।

वन तथा भू-संरक्षणमन्त्री महेश आचार्यले २०४८ सालमा सहकारी ऐन आएपछि नेपालको सहकारी विकास संस्थागत बन्दै गएको धारणा राख्नुभयो । पूर्वअर्थमन्त्री भरतमोहन अधिकारीले सहकारीमार्फत प्रशस्त उत्पादन वृद्धि गर्न सकिने बताउनुभयो । देशको व्यापार घाटा कम गर्न सहकारीले लगानी बढाउनु जरुरी रहेको भन्दै कृषिमा लगानी गर्न सके सहकारीले छिट्टै गति लिने बताउनुभयो । नेपाल सरकारका मुख्यसचिव लीलामणि पौड्यालले छरिएर रहेको पुँजीलाई एकीकृत गर्न सहकारी उपयुक्त माध्यम भएको

बताउनुभयो । सहकारीमार्फत रचनात्मक क्षेत्रमा लगानी गर्न सके स्वावलम्बन अर्थतन्त्रको विकास हुन सक्ने भन्दै उहाँले उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहकारीले विशेष चासो दिनुपर्नेमा जोड दिनुभयो । अन्तर्राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष डेम पाउलिन ग्रीनले यो शताब्दी महिलाको शताब्दी भएको भन्दै सहकारीमार्फत उनीहरूको आर्थिक विकासमा जोड दिनुपर्ने बताउनुभयो । विश्वका अधिकांश देशमा सहकारीले उल्लेख्य काम गरेको र नेपालमा पनि त्यसको सुरुआत भएकोमा खुसी व्यक्त गर्नुभयो । राष्ट्रिय सहकारी सं घका अध्यक्ष केशवप्रसाद बडाल , सहकारी अगुवा दीपकप्रकाश बास्कोटा समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा सहकारी तथा गरिबी निवारण मन्त्रालय का सचिव श्री लालमणि जोशीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । उक्त महासम्मेलनमा अन्तर्राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष डेम पाउलिन ग्रीन लगायत ८०० भन्दा बढि स्वदेशी त था विदेशी सहकारीकर्मीको उपस्थिति रहेको थियो ।

महासम्मेलनको समापन सम्माननीय प्रधानमन्त्री एवं सहकारी तथा गरिबी निवारण मन्त्री सुशील कोइरालाले गर्नु भएको थियो । सो अवसरमा बोल्नु हुदैं वहाँले महा सम्मेलनबाट पारित ११ बुँदे काठमाडौं घोषणापत्र २०७० कार्यान्वयन गर्न नेपाल सरकार गम्भीर रहेको बताउनु भएको थियो । उक्त महासम्मेलनमा सहकारी सम्बन्धी नीतिगत एवं कानुनी व्यवस्था , सुशासन, कर प्रणाली र अन्तर्राष्ट्रिय प्रचलन सम्बन्धमा विज्ञहरूबाट पेश भएका आठ वटा कार्यपत्रमा विस्तृत छलफल भएको थियो । महासम्मेलनले सहकारी मार्फत दिगो आर्थिक विकास र सामाजि क न्याय प्रत्याभूति हुने गरी भावी संविधानमा व्यवस्था गर्न पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

## जाँचबुझ आयोगको प्रतिवेदन पेश

नेपाल सरकार (मं.प.) को मिति २०७०।७।१४ को निर्णयानुसार गठित बचत तथा ऋणको कारोबार गर्ने समस्याग्रस्त सहकारीहरूको समस्या समाधानका लागि गठित आयोग , २०७० ले मिति २०७१।२।२ मा कार्य सम्पन्न गरी आफ्नो प्रतिवेदन सम्माननीय प्रधानमन्त्री एवं सहकारी तथा गरिबी निवारण मन्त्री सुशील कोइराला समक्ष पेश गरेको छ । प्रतिवेदन अनुसार आयोगमा सरोकारवालाहरूबाट १२९६२ थान उजुरी प्राप्त भएको र प्राप्त हुन आएका उजुरीहरू १३० वटा समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूसित सम्बन्धित रहेको देखिन्छ । प्रतिवेदनमा उजुरी रकम ७ अर्ब ६० करोड ८९ लाख रुपैंया र ब्याज दावी २ अ र्ब ४० करोड ७ लाख रुपैंया गरी जम्मा दावी रकम १० अ र्ब ८७ लाख रुपैंया रहेको देखाइएको छ ।

प्रतिवेदन अनुसार समस्याग्रस्त सहकारी संस्था मध्ये ओरेण्टल ऋण तथा बचत सहकारी संस्था एउटै उपर (अध्यक्ष सुधीर बस्नेत भएको) ६८९४ उजुरी दर्ता भई ११८४० खाताको उजुरी परेकोमा ब्याज बाहेक साँवामा ४ अर्ब २० करोड रुपैंयाको दावी परेको र ब्याज तर्फ १ अर्ब २९ करोडको दावी समेत गरी जम्मा ५ अर्ब ५० करोडको दावी देखिएको छ । साथै हाउजिङमा १ अर्ब ३६ करोड समेत गरी निज उपर ६ अर्ब

८६ करोडको दायित्व रहेको उल्लेख छ ।   प्रतिवेदन अनुसार बचतकर्ताको आयोगमा १२९६२ उजुरी दर्ता भएकोमा एउटा मात्र उजुरी परेका सहकारी ३५ वटा रहेका र २ वटा उजुरी परेका १५ वटा सहकारी संस्थाको हकमा नगण्य उजुर भएकोले उजुरकर्तालाई समस्याग्रस्त सहकारी संस्थाबाट १५ दिन भित्र रकम फिर्ता दिलाई दिन सहकारी विभागलाई आयोगले आदेश दिएको देखिन्छ । प्रतिवेदन अनुसार हाउजिङ तर्फको ४८४ वटा उजुरी परेकोमा १२ वटा सहकारी संस्थाको हाउजिङमा जम्मा १ अर्ब ४० करोड २६ लाख रकमको दावी रहेको देखाइएको छ । प्रतिवेदन अनुसार आयोगमा ३६ वटा सहकारी संस्थाका पदाधिकारीहरू मात्र हाजिर हुन आएको र २७ वटा सहकारी संस्थाहरूको आयोगले लेखा परिक्षण सम्पन्न गरेको देखिन्छ ।

प्रतिवेदनमा आयोगले सहकारी   विधेयक, सहकारी न्यायाधिकरण विधेयक र सहकारी न्यायाधिकरण नियमावलीको मस्यौदा समेत पेश गरेको छ । उक्त प्रस्तावित कानूनी व्यवस्था कार्यान्वयन भएमा बचतकर्ताको डुवेको बचत रकम र हाउजिङको रकम उठाउन सकिने आयोगको सुझाव रहेको छ । नेपाल सरकार (मं.प.) को मिति २०७१।२।८ को निर्णयानुसार आयोगको प्रतिवेदन सम्बन्धमा आवश्यकता अनुसार प्राथमिकिकरण गरी कार्यान्वयन गर्ने सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पठाउने उल्लेख छ ।

## यस मन्त्रालयका पूर्व सचिव श्री लालमणि जोशी द्वारा प्रस्तुत भ्रमण प्रतिवेदन

मिति २०७० साल चैत्र ३ देखि ८ (तदनुसार मार्च १७  -२२, २०१४) सम्म भारत  भ्रमणको क्रममा भ्रमण गरेका संस्थाहरू, भेटेका पदाधिकारीहरू र भ्रमणबाट सिकेका पाठहरूको सम्बन्धमा निम्नानुसार प्रतिवेदन पेश गरिएको छ ।

**इर्मा (Institute of Rural Management, Ananda)** :
सन् १९७९ मा स्थापित यो संस्था ग्रामीण व्यवस्थापन शिक्षा तथा अनुसन्धानको क्षेत्रमा कार्यरत शैक्षिक संस्था हो । ग्रामीण जनता र प्रतिवद्ध व्यावसायिक व्यवस्थापकहरू बीच दिगो सम्बन्ध विस्तार गर्ने संस्थाको उद्देश्य रहेको छ । साथै ग्रामीण जनताको दिगो, अर्थ-मैत्री एवं समतामूलक सामाजिक आर्थिक विकासलाई प्रबर्द्धन गर्नका लागि ग्रामीण व्यावसायिक व्यवस्थापनलाई विस्तार गर्ने संस्थाको लक्ष्य रहेको छ । हाल संस्थाले देहायका कार्यक्रमहरू सञ्चालन गरि राखेको छ :

- Post Graduate Programme in Rural Management
- Fellow Programme in Rural Management
- Management Development Programme
- Research and Consultancy Services

**भारतीय राष्ट्रिय दुग्ध विकास बोर्ड :** भारतले सन् २०१०-११ मा १२१.८ मिलियन टन दुध उत्पादन गरी विश्वमा अग्रणि मुलुक बनेको छ । दुधको बढ्दो मागलाई धान्नका लागि वार्षिक ४ प्रतिशतका दरले दुग्ध उत्पादन बढाउने गरी १५ वर्षे राष्ट्रिय दुग्ध योजना सन् २०१२/०१३ देखि लागू गरिएको छ । उक्त योजनाले बैज्ञानिक ब्रिडिङ्ग र न्यूटे  शनको माध्यमबाट उत्पादकत्व बृद्धि गर्ने  , ग्रामीणस्तरमा

सहकारीतामा आधारित दुग्ध खरिद व्यवस्थापनलाई सुदृढीकरण गर्ने , तालीम र क्षमता विकास गर्ने र आयोजना व्यवस्थापन र सिकाई कार्यक्रमका लागि प्रथम चरणमा ६ वर्षका लागि २२४२ करोड भा.रु. विनियोजन गरेको छ । **मिल्क मिशन** नाम दिइएको उक्त योजनाको कार्यान्वयन गर्ने मुख्य जिम्मा बोर्डलाई दिइएको छ । बोर्ड आफै आफ्नो खर्च धान्न सक्षम छ । यसले अनुसन्धानबाट समेत श्रोत परिचालन गरेको छ ।

**गुजरात कोअपरेटिभ मिल्क मार्केटिङ्ग फेडरेशन (अमूल) :** गुजरातको आनन्दस्थित गुजरात कोअपरेटिभ मिल्क मार्केटिङ्ग फेडरेशनको स्थापना सन् १९७३ मा भएको हो । यो फेडरेशन १७ वटा जिल्ला सहकारी युनियन मिलि बनेको सर्वोच्च संस्था हो । यसको आफ्नै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजार र वितरण नेटवर्क रहेको छ । यसले आफ्नो उत्पादनलाई अमूल ब्राण्डबाट बजारीकरण गरेको छ । यो एशियाको सबैभन्दा ठूलो दुग्ध ब्राण्डका साथै भारतको सबैभन्दा ठूलो खाद्य उत्पादक मार्केटिङ्ग संस्था हो । यसको कूल पूंजी २.५ विलियन डलर रहेको छ । यसले वार्षिक १८००० करोडको कारोबार गर्दछ । यसले ५१ वटा बिक्री कार्यालय, १० हजार डिलर र १० लाख रिटेलर मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आफ्नो उत्पादनलाई उपभोक्ता सम्म पु¥याउने गर्दछ । अमूलका ४० वटा दुग्ध प्रशोधन केन्द्र (प्लान्ट) का लागि आवश्यक पर्ने दुध गुजरातका ३२ लाख दुग्ध उत्पादक किसानहरूबाट संकलन गरिन्छ । अमूलले सन् २०१२/१३ मा १३१.०३ लाख किलोग्राम दुध किसानबाट प्रतिदिन खरिद गरेको थियो । अमूल दुग्ध उत्पादक किसानको स्वामित्वमा रहेको छ । यो सहकारितामा आधारित छ । अमूल ३२ लाख गुजरातका दुग्ध उत्पादकहरूको ब्राण्ड हो ।

अमूलले दुग्ध उत्पादक किसान र उपभोक्ता बीच सेतुको काम गर्दछ । दुधको उत्पादन, खरिद, प्रशोधन र बजारीकरणमा उत्पादक किसानको पूर्ण नियन्त्रण नै अमूलको विशेषता हो । गुजरातमा अमूलमा आवद्ध १७ वटा जिल्ला सहकारी युनियन मातहत १६९१४ ग्रामीण दुग्ध सहकारी सोसाइटीहरू रहेका छन् र ती सहकारी भित्र ३२ लाख दुग्ध उत्पादक किसानहरू आवद्ध छन् । ग्रामीण सहकारी सोसाइटी दुग्ध उत्पादक किसानहरूको स्वच्छिक संस्था हो । यस संस्थामा गाई वा भैसी भएका कुनैपनि कृषक मात्र सदस्य बन्न सक्छ । दुग्ध संकलन, जाँच र पशु खाद्य बिक्री गर्नु यस संस्थाको मुख्य काम रहेको छ । एक व्यक्ति एक मतको आधारमा सदस्यहरूद्वारा व्यवस्थापन समिति गठन र समितिबाट अध्यक्ष चयन गरिन्छ । सहकारी सोसाइटीले दुधको मात्रा र गुणको आधारमा किसानलाई दैनिक तथा साप्ताहीक भुक्तानी गर्दछ ।

## अमूल मोडेल

- दुग्ध उत्पादक र उपभोक्ता बीच सोझो सम्पर्क भई बिचौलियाको अस्तित्व नभएको ।
- दुग्ध उत्पादक किसानको खरिद, प्रशोधन र बजारीकरणमा नियन्त्रण राखेको ।

- उत्पादक र उपभोक्ता बीचको सम्पर्क सुत्र : दुग्ध उत्पादक किसान ⟶ ग्रामीण दुग्ध सहकारी सोसाइटी ⟶ जिल्ला दुग्ध सहकारी यूनियन ⟶ राज्यस्तरमा सहकारी दुग्ध बजारीकरण फेडेरेशन ⟶ उपभोक्ता
- कारोवारको असी प्रतिशत रकम किसानलाई जाने र बाँकी संचालन खर्च रहेको ।

## ग्रामीण सहकारी सोसाइटीः

- दुग्ध उत्पादकहरूको स्वच्छिक संस्था
- गाई/भैसी भएका कुनैपनि व्यक्ति सदस्य बन्न सक्ने
- दुग्ध संकलन, दुधको चिल्लोपना जाँच्ने र पशु खाद्यविक्रि गर्ने मुख्य काम
- सदस्यहरूद्वारा व्यवस्थापन समिति गठन र समितिवाट अध्यक्ष चयन
- एक व्यक्ति एक मत

## जिल्ला युनियन:

गुजरातमा १६९१४ ग्रामीण दुग्ध सहकारीहरूबाट १७ वटा जिल्ला युनियन बनेको छ । जिल्ला युनियनले दुग्ध प्रशोधन प्लान्टको संचालन गर्ने, त्यसको स्वामित्व लिने, पशु खाद्य उद्योग संचालन गर्ने, ग्रामीण दुग्ध सहकारी सोसाइटीको लागि दुग्धको मूल्य निर्धारण गर्ने , पशु स्वास्थ्य, सिमेन बैंक संचालन तथा व्यवस्थापन गर्ने जस्ता काम गर्दछ । ग्रामीण सहकारी सोसाइटीका अध्यक्षहरूले जिल्ला युनियनको बोर्ड अफ डाइरेक्टरको छनौट गरी बोर्डबाट अध्यक्षको चयन गर्दछ । जिल्ला युनियनको व्यवस्थापन व्यावसायिक समूहले गर्दछ जसको अध्यक्ष म्यानेजिङ्ग डाइरेक्टर हुन्छ ।

## राज्य फेडेरेशन:

राज्यस्तरमा जिल्ला युनियनहरू मिलि राज्य फेडरेशनको गठन गरिएको छ । जिल्ला युनियनका अध्यक्ष राज्य फेडरेशन बोर्डको सदस्य हुन्छ र सदस्यहरूबाट अध्यक्ष चयन गरिन्छ । फेडरेशनको प्रमुख कार्यकारी व्यावसायिक समूहबाट नियुक्ति गरिन्छ जसले उत्पादनको बजारिकरण , गुण नियन्त्रण र केन्द्रीकृत खरिदको व्यवस्थापन गर्दछ । खरिद गरेको दुधको प्रभावकारी ढंगले प्रशोधन एवं पुलिङ्ग गरी अमूल ब्राण्डको नाममा उपभोक्तासम्म बजारीकरण गर्नु फेडरेशनको मुख्य काम रहेको छ । अमूलले सन् २०१२/१३ मा भा.रु. १३७३५.१५ करोड बराबरको विभिन्न दुग्धजन्य उत्पादनहरू बिक्री गरी नयाँ रेकर्ड कायम गर्न सफल भएको देखिन्छ ।

## AGA KHAN RURAL SUPPORT PROGRAMME (INDIA):

भ्रमण टोलीले दोश्रो दिन अर्थात चैत्र ५ गते AGA KHAN DEVELOPMENT NETWORK अन्तर्गत गुजरातस्थित सुरेन्द्रनगरको साइलामा भ्रमण गरेको थियो । यस कार्यक्रमले गुजरातको सुख्खा प्रभावित दुई जिल्लाका ८ तालुका, २१८ गाउँ र २५९४१ घरपरिवारलाई समेटेको देखिन्छ । यस कार्यक्रमले भूमि

प्रवर्द्धन, जल तथा माटो संरक्षण तथा व्यवस्थापन , मरुभूमिकरण, खानेपानी, लघु वित्त जस्ता क्षेत्रलाई कृयाकलाप मार्फत समेटेको छ । समूहद्वारा परिचालित लघु वित्तबाट ऋणका लागि साहुप्रतिको निर्भरतामा उल्लेख्य कमी आएको र ब्याजदरमा समेत कमी आएको देखिन्छ । यस कार्यक्रम अन्तर्गत स्व-सहयोग समूह (Self-help Group) ले आफुले जम्मा गरेको रकम तथा सरकारबाट प्राप्त अनुदान र फेडेरेशनबाट प्राप्त रकमबाट आफ्ना आवश्यकता पूरा गरेको छ ।

भ्रमण टोलीले चैत्र ६ गते नयाँ दिल्ली स्थित आजिविकाको कार्यालयमा पुगी कार्यक्रमबारे जानकारी लिएको थियो । यो कार्यक्रम ग्रामीण विकास मन्त्रालयद्वारा संचालित गरिबी निवारणसित सम्बन्धित कार्यक्रम हो । यस कार्यक्रमले भारतभरीका ७ करोड गरिवीको रेखामुनिका घरपरिवारसम्म आगामी सात/आठ वर्षभित्र पुग्ने लक्ष्य राखेको छ । आजिविकाले लक्ष्य, परिणाम र समयवद्ध सेवा प्रवाह, क्षमता विकास, सीप विकास र आजिविका अवसर सृजनाको माध्यमबाट गरिबसम्म पुग्ने लक्ष्य राखेको छ । कार्यक्रमलाई राष्ट्रिय, राज्य, जिल्ला र ब्लकस्तरको संरचनाबाट कार्यान्वयन गरिन्छ । समुदायस्तरमा सहभागितात्मक प्रक्रियाबाट गरिबको पहिचान गरिन्छ । कार्यक्रम अनुसार प्रत्येक ब्लकमा सामुदायिक श्रोत व्यक्ति र व्यावसायिक श्रोत व्यक्तिले वर्षको ५ पटक समुदायमा पुगि साप्ताहिक छलफल, नियमित बचत तथा ऋण प्रवाह भए नभएको अनुगमन गर्छ । साथै स्व -सहयोग समूह (Self-help Group) निर्माण र भएका समूहको सुदृढीकरण गर्ने कार्य गर्दछ ।

भ्रमण टोलीले चैत्र ७ गते नयाँ दिल्ली स्थित कृषि भवनमा ग्रामीण विकास मन्त्रालयका सचिव श्री एल.सी. गोयलसित भेटघाट गरी उक्त मन्त्रालयबाट सम्पादन गरिएका कार्यक्रमहरूबारे जानकारी लिइएको थियो । भारतमा ८०% गरिबी ग्रामीण क्षेत्रमा रहेको छ । विगत पाँच वर्षमा ग्रामीण क्षेत्रमा रोजगारी कार्यक्रमहरूको माध्यमबाट गरिबी न्यूनीकरण गर्ने सरकारी प्रयास जारी रहेको छ । सन् १९७४ को अक्टोवरमा ग्रामीण विकास विभागको स्थापना भएको हो । प्रारम्भमा यो विभाग खाद्य तथा कृषि मन्त्रालय मातहत रहेकोमा पछि विभिन्न मन्त्रालय हुँदै सन् १९९९ देखि ग्रामीण विकास मन्त्रालय मातहत राखिएको छ । यस मन्त्रालय मातहत ग्रामीण विकास विभाग र भूमिस्रोत विभाग गरी दुईवटा विभागहरू रहेका छन् ।

ग्रामीण विकास मन्त्रालयद्वारा ग्रामीण विकासको क्षेत्रमा सञ्चालित मुख्य कार्यक्रमहरूमा महात्मा गान्धि राष्ट्रिय ग्रामीण रोजगारी ग्यारेन्टी योजना , राष्ट्रिय ग्रामीण आजिविका मिशन (आजिविका) , इन्दिरा आवास योजना, प्रधानमन्त्रि ग्रामीण सडक योजना , राष्ट्रिय सामाजिक सहयोग कार्यक्रम र एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम रहेका छन् । ती कार्यक्रमहरूका लागि सन् २०१३ /१४ मा भा.रु. ७४४२९ करोड विनियोजन गरिएको छ ।

**महात्मा गान्धि राष्ट्रिय ग्रामीण रोजगारी ग्यारेन्टी योजना :** प्रत्येक घरपरिवारलाई १०० दिने रोजगार ग्यारेन्टी सहितको उक्त योजना विश्वको सवैभन्दा ठूलो राज्यद्वारा प्रदान गरिएको रोजगारी योजनाका रुपमा मानिएको छ । सन् २००६ देखि प्रारम्भ गरिएको यस कार्यक्रमको सात वर्षको उपलब्धीको रुपमा ग्रामीण घरपरिवारलाई ज्यालाको रुपमा भा.रु. १२९००० करोड भुक्तानी भएको, १३४८ करोड दिन रोजगारी सृजना भएको, ५ करोड घरपरिवारलाई प्रति वर्ष रोजगारी उपलब्ध गराएको , कूल रोजगारी सृजना मध्ये

५१ प्रतिशन अनुसूचित जाति लाभान्वित भएको , कूल रोजगारी सृजना मध्ये ४९ प्रतिशत महिला लाभान्वित भएको देखिन्छ ।

**प्रधानमन्त्री ग्रामीण सडक योजना :** सन् २००० देखि प्रारम्भ भएको यस योजनाले २५० भन्दा बढी जनसंख्या भएको र सडकले नछोएको गाउँबस्तीलाई सडक संजालले जोड्ने लक्ष्य राखेको छ ।

**इन्दिरा आवास योजना:** यस अन्तर्गत सन् २०१२/१३ मा २८.३४ लाख घरवारविहिन परिवारलाई आवास निर्माण गर्ने लक्ष्य राखिएको छ ।

**अवलोकन भ्रमणका क्रममा छलफल समेतबाट सिकेका पाठहरू :**

**सहकारी सम्बन्धी**

- सहकारी संस्थाको विकासका लागि व्यावसायिकता, प्रजातान्त्रिक मूल्य र आर्थिक अनुशासन जरुरी छ । अमूलको सफलताको पछाडी यी नै मुख्य कारण रहेका छन् ।
- अमूलको दैनिक कारोवारको ८० प्रतिशत रकम किसानले पाउँछ ।
- एक गाउँ एक सहकारी उपयुक्त मोडल हो । सहकारीको विस्तार भन्दा एकीकरणमा जोड दिनुपर्छ ।
- प्रत्येक सहकारी संस्था ले आफ्नो विकासको लागि जनशक्ति तयार गर्नुपर्छ । व्यावसायिकरण महत्वपूर्ण भएकोले व्यावसायिक ताको विकास गर्नुपर्छ । कृषकहरूको उत्पादन (दुग्ध) को दैनिक भुक्तानी गर्नुपर्छ । यसले सहकारी प्रतिको विश्वसनीयतालाई वढाउँछ ।
- दुग्ध विकाससित सम्बन्धित सरकारी संस्थालाई किसानले नै सञ्चालन गर्न दिनुपर्छ ।
- किसानलाई व्यावसायिक तालिमको माध्यमबाट सक्षम बनाउनु पर्छ ।
- सहकारी संस्था किसानप्रति उत्तरदायि हुनुपर्छ । किसानको एउटा पशु विरामी भएमा कम्तिमा १ घण्टाभित्र स्वास्थ्य सेवा दिन सक्नुपर्छ ।
- बहुउद्देश्यीय भन्दा एकल उद्देश्यका सहकारी बढी सफल छन् ।
- सहकारी संस्थाले जाती, वर्ग, धर्मको आधारमा भेदभाव नगरी सबै सदस्यहरूलाई समान व्यवहार गर्नु पर्दछ ।
- संस्थाका प्रत्येक सदस्यको बराबर अधिकार हुनुपर्छ ।
- श्रमिकको अभाव जस्ता समस्याले गर्दा र उत्पादन लागत बढ्न गएकोले सहकारीतामा आधारित ठूला कृषि फर्म स्थापना गर्ने तर्फ लाग्नु जरुरी छ ।
- मानव खाद्यान्न सेवन नगर्ने पशुको विकास गर्नु आवश्यक छ । यसले खाद्य सुरक्षालाई सहयोग गर्छ ।
- कृषिको विकासका लागि अनुसन्धान र विकासलाई उच्च प्राथमिकता दिनु पर्छ ।
- उत्पादनलाई बजारिकरण गर्न सक्नु पर्छ ।

- उच्च मूल्यका बस्तुको उत्पादनमा जोड दिनुपर्छ । देशको हावापानी र वातावरण अनुरुपको उच्च मूल्यका बस्तुहरूको पहिचान , विकास र बजारिकरण गर्नुपर्छ । उदाहरणको लागि चीजको उत्पादनलाई लिन सकिन्छ ।
- ई-लर्निङ्ग सेन्टरको स्थापना गरी ज्ञान र प्रविधि बारेमा आम नागरिकलाई जानकारी दिनुपर्छ ।
- सबै सहकारी संस्थाहरू व्यावसायिक संस्था भएकोले नाफामुखी पनि हुनुपर्छ ।
- सहकारिता भनेको आस्था र पारदर्शिता , प्रजातान्त्रिक सहभागिता, सशक्तिकरणको समष्टिगतरुप हो ।
- भारतमा सहकारी सम्बन्धी संघीय कानून छैन तर प्रत्येक राज्यले आफ्नै सहकारी कानून तर्जुमा गरी कार्यान्वयन गरेको पाइन्छ ।

**गरिबी निवारण सम्बन्धी**

- आजिविका कार्यक्रमले प्रत्येक गरिबी घरपरिवारको वार्षिक आम्दानी कम्तीमा ५० हजार पु¥याउने लक्ष्य लिएको ।
- गरिवी निवारण सम्बन्धी कार्यक्रमहरू समुदायको मागमा आधारित रहेको ।
- गरिबहरू क्षमतावान हुने भएकोले गरिबहरूले नै कार्यक्रमबारेमा निर्णय गर्नु पर्दछ भन्ने मान्यता रहेको ।
- गरिबी निवारण कार्यक्रम गरिबको, गरिबहरूद्वारा गरिबले नै संचालन गर्नुपर्ने मान्यता रहेको ।
- गरिबहरूलाई संगठित गर्नका लागि कार्यक्रमको तल्लो इकाईको रुपमा स्व -सहयोग समूह (Self-help Group) रहेको ।
- गरिबी निवारणका प्रमुख कार्यक्रम ग्रामीण विकास मन्त्रालय अन्तर्गत राखिएको ।

## भ्रमण टोलीले भेटघाट गरेका पदाधिकारीहरूको विवरण

| सि.नं. | नाम | पद/संस्था |
|---|---|---|
| १ | एल.सी. गोयल | सचिव, ग्रामीण विकास मन्त्रालय, भारत |
| २ | एस.एम.विजयानन्द | अतिरिक्त सचिव, ” |
| ३ | एन.के.साहु | आर्थिक सल्लाहकार, ” |
| ४ | अटल ढिल्लो | सह-सचिव, ” |
| ५ | जि. मुरलीधर | सल्लाहकार, एन.आर.एल.एम |

## PEARLS तालिम संचालन

सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखाको तत्वावधानमा मिति २०७१/०२/२५ गते देखि ३० गतेसम्म सहकारी संघ संस्थाहरूको

सघन अनुगमन गर्ने तथा अनुगमन पश्चात् सुधार अनुगमन गर्ने विषयमा दक्षता अभिबृद्धि गर्ने उद्देश्यले ६ दिने सहकारी बचत तथा ऋण कारोवारको PEARLS अनुगमन पद्धतिसम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ । उक्त तालिम कार्यक्रममा मन्त्रालयका १४ अधिकृत र डिभिजन सहकारी कार्यालयका १२ अधिकृत गरी जम्मा २६ अधिकृत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

सहभागीहरूलाई सघन अनुगमन विधि तथा अनुगमन पश्चात् सुधार योजना सम्बन्धी सैद्धान्तिक र ब्याबहारिक सीप हासिल गराउने अभिप्रायले प्रशिक्षकहरूबाट प्रस्तुतिकरणका साथै छलफल , अन्तर्क्रिया, अनुभवको आदान प्रदान भएको थियो ।

यस तालिम कार्यक्रमको उद्घाटन र समापन मन्त्रालयका पदाधिकारीहरू एवं कर्मचारीहरू समेतको उपस्थितिमा सचिव श्री सुरेश मान श्रेष्ठबाट सम्पन्न भएको थियो । उहाँले कार्यक्रमको उद्घाटन समारोहमा सहभागीहरूलाई सीप हासिल गर्ने कार्यमा तत्पर रहन उत्प्रेरणा प्रदान गर्ने सारगर्भित मन्तब्य र समापन समारोहमा मन्तब्य प्रकट गर्दै सिकेका बिषयबस्तुहरूलाई ब्यबहारमा लागू गर्ने दिशामा प्रयासरत रहन आग्रह गर्नु भयो ।

सहभागीहरूको पूर्व तालिम मूल्यांकन तथा पश्च तालिम मूल्यांकनको आधारमा तालिम कार्यक्रम ज्यादै प्रभावकारी रहेको देखिन्छ ।

## सरकारी अनुदान प्राप्त सहकारी संघ संस्थाहरूको प्रभावकारिता अध्ययन

सहकारी क्षेत्रको विकास र प्र बर्द्धनको लागि नेपाल सरकारले नीतिगत कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने सन्दर्भमा सहकारी मार्फत कृषि फर्मको स्थापना , कृषि उत्पादनमा आधारित प्रशोधन उद्योगहरूको स्थापना, कृषि उत्पादन भण्डारणका लागि शीतघर निर्माण एवं केन्द्रीय तथा राष्ट्रिय संघहरूलाई कार्यक्रम संचालनको लागि चालु अनुदान , दलितहरूको परम्परागत पेशा र ब्यवसायको आधुनिकीकरण , महिला सहकारीद्धारा संचालित लघु खाद्य प्रशोधन उद्योगको स्थापना र हरूवा -चरुवा, वादी तथा ग्रामीण भूमिहीन सुकुम्वासीद्धारा संचालित तरकारी , फलफूल, चिया, कफि तथा जडिबूटी खेति र माछा तथा पशुपालन ब्यवसाय संचालन एवं विकास गर्न सहकारी विभाग मार्फत् पूँजीगत अनुदान उपलब्ध गराउने गर्दै आएको छ । अनुदान प्रक्रियालाई ब्यबस्थित गर्ने र उपयोगी बनाउने सिलसिलामा सहकारी संघ संस्थाहरूलाई उपलब्ध गराईने अनुदान सिफारिश सम्वन्धी कार्यविधि २०६८ स्वीकृत गरी लागु गरिएको छ । जसमा सहकारी उद्योग स्थापना र संचालनको लागि अनुदान वितरण गर्ने आधार हरू, अनुदान वितरणको लागि सहकारी छनौट गर्ने विधि , अनुदानको लागि पेश भएका प्रस्तावहरू मूल्यांकन गर्दा प्रयोग गरिने आधारहरू , अनुदान पाउने सहकारीले पालना गर्नु पर्ने शर्तहरू र अनुदान रकम प्रवाह प्रक्रियाहरूसमेत उल्लेख गरिएका छन् । साथै कार्यविधिको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था अन्तर्गत यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सदुपयोग भए नभएको वारेमा समय समयमा अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन सहकारी विभागमा पेश गर्ने व्यवस्था मिलाइने ब्यहोरा उल्लेखित छ ।

चालू आर्थिक बर्ष २०७०/७१ मा सहकारी तथा गरिबी निवारण मन्त्रालयले विगतमा सहकारी विभाग मार्फत् विवरण भएका अनुदान रकमको प्रभावकारिता सम्बन्धमा विभिन्न जिल्लाहरूबाट विभिन्न प्रकृतिका सहकारी संघ संस्थाहरू छनौट गरी अध्ययन गर्ने कार्यको थालनी गरेको छ । यसरी छनौट गर्ने क्रममा जम्मा १५ सहकारी संघ संस्था छनौट गरी अध्ययनको लागि तयार गरिएको प्रश्नावली अनुसार विवरणहरू संकलन गर्ने कार्य सम्पन्न भएको छ । संकलित सामग्रीहरूबाट उपलब्ध सूचनाहरूको विश्लेषण गरी विस्तृत प्रतिवेदन तयार गर्ने कार्य भैरहेको छ ।

**<u>सुधार योजना अनुगमन</u>**

सहकारी संघ संस्थाहरूको सघन अनुगमन पश्चात् सुधार योजनाको अनुगमन गर्ने कार्य प्रारम्भ भएको र हाल सम्म ३ सहकारी संस्थाहरूको सघन अनुगमन पश्चात् सुधार योजनाको अनुगमन गर्ने कार्य सम्पन्न भएको छ ।

**<u>समीक्षा बैठक</u>**

मिति २०७१ बैशाख ८ गते दोश्रो चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक निम्नानुसारका विषयबस्तुहरूमाथि केन्द्रित रही प्रस्तुतिकरण एवं छलफलकासाथ सम्पन्न भयो ।

- सहकारी तथा गरिबी निवारण मन्त्रालयको दूरदृष्टि, लक्ष्य र उद्देश्यहरू
- सहकारी तथा गरिबी निवारण मन्त्रालयको आ.व. २०७० /७१ को दोश्रो चौमासिकमा शाखागत कार्यको प्रगति समीक्षा
- मन्त्रालय अन्तर्गतका समग्र निकायहरूको भारित, वित्तीय र भौतिक प्रगति विवरण
- दोश्रो चौमासिकका प्रमुख कार्यहरू तथा उपलव्धिहरू
- कार्यक्रम कार्यान्वयनको क्रममा देखापरेका प्रमुख समस्याहरू
- समस्या समाधानको लागि मन्त्रालयबाट गरिएका र भैरहेका प्रयासहरू

## पत्रकारहरूलाई अभिमुखीकरण कार्यक्रम

सञ्चारकर्मीहरूलाई सहकारी क्षेत्रमा भएका अनुकरणीय कार्यहरूको अवलोकन गराई त्यसको सन्देश सर्बसाधरण माझ पु ऱ्याई अनुकारणीय कार्यहरू सर्वसाधारण लगायत सवै सहकारी तथा सहकारीका सदस्यहरूलाई ग्रहण गर्न सघाउ पुर्याउने उद्देश्यले मिति २०७०।११।२८ गते सञ्चारकर्मीहरूलाई सहकारीको अबधारणा, सिद्धान्तहरू, नीतिगत एबं कानुनी ब्यबस्था , देखापरेका समस्याहरू र समधानका लागि गरिएका प्रयत्नहरू , अवलोकन भ्रमणको सन्दभमा केन्द्रित हुनुपर्ने विषयहरू जस्ता पक्षहरू समेटिएको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो । कार्यक्रममा सहभागि संचारकर्मीहरूलाई मिति २०७०।११२९ देखि २०७०।१२।२ सम्म धादिङ्ग , चितवन, नवलपरासी र रुपन्देहीका गरी जम्मा ८ वटा सहकारी संस्थाहरूको अवलोकन भ्रमण गरियो । कान्तिपुर , गोरखापत्र, राजधानी, कारोबार, हिमालयन टेलिभिजन लगायत १८ सञ्चारसंस्थाका १८ जना सञ्चारकर्मीहरू समावेश भएको सो भ्रमण टोलिले

उल्लिखित जिल्लास्थित सहकारी संस्थाहरूको समग्र अवस्था, सदस्यको जीवनस्तर सुधारमा निर्वाह गरेको भुमिका, संस्थाले गरेका सामुदायिक विकासका कार्यहरू सम्बन्धी अवलोकन गरेको थियो ।

# COPOMIS संचालनको क्रममा

चालु आर्थिक वर्ष २०७०।७१ मा सहकारी तथा गरिबी अनुगमन सुदृढीकरण कार्यक्रम अन्तर्गत सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीको परिकल्पना , विकास, कार्यान्वयन र सहजीकरण **(Design, Development, Implementation and Support of Cooperatives and Poverty Related Management Information System (COPOMIS)** गर्ने प्रयोजनका लागि परामर्श सेवा लिनका निमित्त आशयपत्रहरुको मूल्यांकन प्रकृया पूरा भई संक्षिप्त सूचीमा परेका परामार्शदाताहरुलाई आर्थिक तथा प्राविधिक प्रस्ताव (RFP) पेश गर्नको लागि सार्वजनिक सूचनामार्फत आव्हान समेत गरिएकोमा हाल सो अनुसार पर्न आएका प्रस्तावहरुमध्ये प्राविधिक प्रस्तावहरुको मूल्यांकन कार्य सम्पन्न भई यही आषाढ मसान्तसम्ममा यस कार्यका लागि परामर्शदाता नियुक्त गर्ने कार्य अन्तिम चरणमा पुग्ने गरी मन्त्रालयबाट कार्य भईरहेको छ ।

प्रस्तुत कार्यक्रम को संचालनबाट मुलुकका ग्रामीण क्षेत्र देखि शहरी क्षेत्रसम्मका सहकारी संस्थाहरुका संस्थागत, व्यवशायिक तथा वित्तीय क्रियाकलापहरु र पहिचान गरिएका गरिब घरपरिवारहरुको अवस्था एवं सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरुलाई समेट्न प्रभावकारी सूचना व्यवस्थापन कार्यजालो स्थापना हुनेछ । नेपाल राज्यभरका विकट ग्रामीण क्षेत्र देखि सुविधासम्पन्न शहरी क्षेत्रमा रहेका विभिन्न प्रकृतिका सहकारी संस्थाहरु र पहिचान भएका विपन्न एवं गरीव घरपरिवारहरु सम्बन्धी सूचनालाई छिटोछरितो, विश्वसनीय र पारदर्शी तवरले व्यवस्थापन गर्दै सहकारी तथा गरिवी निवारणसम्बन्धी कार्यक्रमहरुलाई दक्ष एवं प्रभावकारीरुपले संचालन गर्न प्रस्तुत कार्यक्रमले सहयोग पुऱ्याउने छ ।

प्रस्तुत कार्यक्रम को संचालनबाट मन्त्रालय लगायत मातहत निकायहरुको सूचना व्यवस्थापन क्षमतामा अभिबृद्धि हुने, सहकारी क्षेत्र तथा गरिबी निवारण कार्यमा आधुनिक प्रविधियुक्त अनुगमन तथा नियमन पद्धति स्थापित हुन जाने , यस क्षेत्रमा आधुनिक सूचना प्रविधिको उपयोगमा पहुंच पुग्न गई दक्षता बृद्धि गर्न मद्दत पुग्नुको साथै यस कार्यक्रमबाट मन्त्रालय लगायत मातहत निकायहरुमा आवश्यक सूचना प्रविधि उपकरणहरु तथा पूर्वाधारहरुको व्यवस्था र कर्मचारीहरुको अनुगमन सम्बन्धी क्षमतामा समेत अभिबृद्धि हुनेछ ।

साथै यसबाट सहकारी संघ संस्थाहरुको बचत तथा ऋण लगानी लगायत सबै किसिमका कारोवारहरु एवं आर्थिक क्रियाकलापहरु केन्द्रीय सूचना पद्धतिभित्र आवद्ध हुन गई वर्तमानमा देखिएका मुद्दाहरुलाई संवोधन गर्दै भावी योजना तर्जुमा, नियमन तथा अनुगमन र नीतिगत पृष्ठपोषणलाई बढी यथार्थपरक र प्रभावकारी बनाउन समेत टेवा पुग्ने देखिन्छ । सहकारी संघसंस्थामा रहेको सदस्यहरुको बचत तथा लगानी सुरक्षण कार्यको संचालन र यससम्बन्धी सूचनाको आदान प्रदानबाट सदस्यहरुको बचतको जोखिम कम गर्न सूचनामा अधारित दिगो र भरपर्दो अनुगमन पद्धति स्थापित हुन जाने देखिन्छ ।

यसबाट पहिचान भएका गरिबहरुको सूचना व्यवस्थापन गर्दै उनीहरुलाई लक्ष्यित गरी सामाजिक सुरक्षा कार्यक्रमहरु संचालन गर्न समेत यस कार्यक्रमबाट सहयोग पुग्ने देखिन्छ । साथै यस व्यवस्थाको संचालनबाट गरिबी निवारणसम्बन्धी कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा संलग्न सरकारी निकायहरु देखि अन्य सबै सरोकारवाला संघ संस्थाहरुलाई आफ्ना भावी कार्यक्रमहरुलाई दिशानिर्देश गर्न र तिनको लेखाजोखा गर्न समेत मद्दत विश्वास गर्न सकिन्छ ।

## विविध जानकारी

- बजेट तथा मध्यमकालीन खर्च संरचना (MTEF) को तयारी सम्बन्धी कार्य गर्नको लागि संयोजकमा यस मन्त्रालयका सह - सचिव श्री सुरेश प्रधान , सदस्यद्वय उप सचिव श्री राम बहादुर के.सी. , शाखा अधिकृत श्री नारायण कार्की र सदस्य सचिव एवं सम्पर्क व्यक्तिमा उप सचिव श्री बाबुराम भुसाल रहने गरी (MTEF) सम्बन्धी कार्यदल (Task force) गठन गरी तोकिएको छ ।
- नेपाल सरकार (सचिवस्तर) मिति २०७१।२।२९ को निर्णयानुसार अन्तर्राष्टिय गैरसरकारी संस्था The Blueberry Charitable Trust, UK को सहयोगमा सञ्चालित Samriddha Pahad Project नामक परियोजनाको अन्तिम मूल्यांकन गर्न उपरोक्त कार्यक्रमसंग सम्बन्धित तथा प्रारम्भिक मूल्यांकन बैठक फिल्ड भिजिट एवं प्रतिवेदन प्रस्तुतिकरणमा विशेषज्ञ प्रतिनिधिको रुपमा यस मन्त्रालयका उप-सचिव श्री बिजु कुमार श्रेष्ठ मनोनयन हुनु भएको छ ।
- नेपाल सरकार (सचिवस्तर) को मिति २०७१।२।१८ को निर्णयानुसार यस मन्त्रालयमा सरुवा भई आउनु भएका सह-सचिव श्री खड्ग बहादुर रानालाई मन्त्रालयको सहकारी तथा व्यवस्थापन महाशाखा प्रमुख भई कामकाज गर्न तोकिएको छ ।
- नेपाल सरकार (सचिवस्तर) को मिति २०७१।२।१८ को निर्णयानुसार यस मन्त्रालयमा सरुवा भई आउनु भएका सह सचिव श्री विष्णुहरि पौडेललाई मन्त्रालय अन्तर्गत सहकारी विभागको रजिष्ट्रार पदमा कामकाज गर्ने गरी ३ महिनाको काजमा खटाइएको छ ।
- अर्थ मन्त्रालयबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको कार्यान्वयन गर्न लैङ्गिक उत्तरदायी बजेट समितिमा यस मन्त्रालयबाट संयोजक सह सचिव श्री सुरेश प्रधान, सदस्यहरू उप सचिव (लेखा) श्री राम बहादुर के.सी., उप सचिव श्री चन्द्र बहादुर ठकुरी , शाखा अधिकृत श्री धृता कुमारी खत्री र सदस्य सचिवमा उप सचिव श्री बाबुराम भुसाललाई तोकिएको छ ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पत्रानुसार यस मन्त्रालयको सङ्घीय मामिला सम्पर्क विन्दुमा शाखा अधिकृत श्री लक्ष्मी नारायण बैद्यलाई तोकएको छ ।
- राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संयुक्त रुपमा रुपन्देहीमा २०७१ जेष्ठ १६ देखि २० गते सम्म आयोजना गरेको सामाजिक सुरक्षा सम्बन्धी प्रशिक्षणमा यस मन्त्रालयका तर्फबाट उप-सचिव श्री बिजुकुमार श्रेष्ठले भाग लिनु भएको थियो ।

- राष्ट्रिय योजना आयोगका माननीय सदस्यको अध्यक्षतामा गठित "वार्षिक घरपरिवार सर्वेक्षण" को निर्देशक समितिको सदस्यमा यस मन्त्रालयका तर्फबाट सह-सचिव श्री सुरेश प्रधान मनोनयन हुनु भएको छ ।
- एसियाली विकास बैंकले फिलिपिन्सको राजधानी मनिलामा यही २०१४ मार्च १० देखि ११ तारिख सम्म आयोजना गरेको **Key Indicators for Asia and Pacific 2014 Workshop on the Untold Side of Asia's Poverty Reduction Story** नामक कार्यशालामा यस मन्त्रालयका उप -सचिव श्री बिजुकुमार श्रेष्ठले भाग लिनु भई उक्त कार्यशालामा निजले नेपालको तर्फबाट कार्यपत्र समेत प्रस्तुत गर्नु भएको थियो ।
- नेपाल सरकारको तर्फबाट सार्क नमूना ग्रामको रुपमा प्रस्तावित लमजुङ्ग जिल्लाको घले गाउँ होमस्टे सम्बन्धी विवरण नेपाल सरकारले हालै स्वीकृत गरेको छ । सो विवरण तयारीको लागि यस मन्त्रालयका सह -सचिव श्री सुरेश प्रधानको संयोजकत्वमा संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय र नेपाल पर्यटन बोर्डका पदाधिकारी सम्मिलित एउटा कार्यदल गठन भएको थियो ।
- संयुक्त राष्ट्र संघीय खाध् तथा कृषि संगठन (FAO) ले २०७० फागुन २० गते आयोजना गरेको New Strategic objective कार्यशालामा यस मन्त्रालयको तर्फबाट उप-सचिव श्री बिजुकुमार श्रेष्ठले भाग लिनु भएको थियो ।
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले २०७० साल फागुन २७ देखि २८ सम्म आयोजना गरेको लैङ्गिक सम्पर्क व्यक्तिहरूको लागि क्षमता अभिबृद्धि सम्बन्धी कार्यशालामा यस मन्त्रालयका शाखा अधिकृत श्री रोशनी श्रेष्ठले भाग लिनु भएको थियो ।
- पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजनाको यही सन् २०१४ को मार्च महिनामा संचालित Joint Review Mission मा यस मन्त्रालयका शाखा अधिकृत श्री रोशनी श्रेष्ठले भाग लिनु भएको थियो ।
- वातावरण विभागद्धारा २०७० साल चैत्र २४ गते आयोजना गरेको Gender and Environment अन्तर्क्रिया कार्यशालामा यस मन्त्रालयका शाखा अधिकृत श्री रोशनी श्रेष्ठले भाग लिनु भएको थियो ।
- अनौपचारिक क्षेत्रका नागरिकहरूको सामाजिक सुरक्षा अवधारणा प्रवर्द्धन गर्ने उद्देश्यले मिति २०७१ बैशाख २२ गते आयोजित गोष्ठीमा यस मन्त्रालयका शाखा अधिकृत श्री रोशनी श्रेष्ठले भाग लिनु भएको थियो ।
- सचिव लालमणि जोशी मिति २०७१।१।१० देखि ५८ बर्ष उमेर पुरा भई अनिवार्य अवकास हुनु भएको छ । मिति २०७१।१।९ मा मन्त्रालयमा आयोजित विदाई कार्यक्रममा मन्त्रालयका सम्पूर्ण कर्मचारीहरूबाट वहाँको सुस्वास्थ एवं अवकाश जीवन सुखमय होस भन्ने कामनासाथ वहालाई विदाई गरिएको थियो ।
- उत्कृष्ट सहकारी संस्थाहरूको असल, प्रेरणादायक र अनुकरणीय गतिविधिहरूलाई अभिलेखिकरण गरी सहकारीकर्मी तथा सर्वसाधारण समक्ष पुर्याउने उद्देश्य वमोजिम यस आ .व.मा वृतचित्र निर्माण गर्ने कार्यक्रम रहे वमोजिम कृषि सम्वन्धि डकुमेन्ट्री थान १ , महिला उद्यमी द्धारा मात्र सञ्चालित

सहकारी संस्थाहरूको डकुमेन्ट्री थान १, दुग्ध उत्पादन, प्रशोधन र वजारीकरणको क्षेत्रमा संलग्न दुग्ध उत्पादन सम्वन्धि डकुमेन्ट्री थान १ गरी ३ वटा वृतचित्र निर्माण भएको छ ।

- सहकारी तथा गरिबी निवारण मन्त्रालय , अन्तराष्ट्रिय गैर -सरकारी संस्था एक्सन एड नेपाल र गैर सरकारी संस्था होमनेट नेपालका वीच त्रि -पक्षीय समझदारी पत्रमा हालै मन्त्रालयमा आयोजित एक समारोहमा हस्ताक्षर भएको छ । नेपाल सरकारको लागि शहरी गरिबी राष्ट्रिय नीति र ग्रामीण गरिबी राष्ट्रिय नीति को मस्यौदा तर्जुमा गर्ने उद्देश्यले गरिएको सो समझदारी पत्रमा सहकारी तथा गरिबी निवारण मन्त्रालयको तर्फबाट उप -सचिव श्री बिजुकुमार श्रेष्ठ , एक्सन एड अन्तराष्ट्रिय नेपालका तर्फबाट राष्ट्रिय निर्देशक श्री बिमलकुमार फुयाँल र होमनेट नेपालका तर्फबाट कार्यकारी निर्देशक श्री ओम थपलियाले हस्ताक्षर गर्नु भएको थियो ।
- मिति २०७० चैत्र २० गतेको सम्माननीय प्रधानमन्त्री एवं सहकारी तथा गरिवी निवारण मन्त्रीज्यू र यस मन्त्रालयका सचिवज्यूवाट शुभकामना प्रदान गरी राष्ट्रिय सहकारी दिवस,२०७० मनाईएको छ ।
- राष्ट्रिय सहकारी नीति , २०६९ लाई विदेशी दातृ निकाय एवं अन्य सरकारी एंव गैर सरकारी निकायहरूलाई जानकारी गराउने उद्धेश्य वमोजिम अग्रेजी भाषामा अनुवाद गर्ने कार्य सम्पन्न भएको छ ।
- बचत तथा ऋणको कारोवार गर्ने सहकारी संघ संस्थाहरूले गर्ने ऋण लगानीको सूचना आदन प्रदान गरी ती संस्थाहरूको वि त्तिय जोखिमलाई न्यून गर्दै सहकारी क्षेत्रलाई व्यवस्थित , मर्यादित, प्रभावकारी एवं दिगो बनाउनको लागि तयार गरिएको "सहकारी ऋण लगानी सूचना एकाइको निर्देशिका , २०७१" स्वीकृतिको लागि मन्त्रिपरिषद् मापेश गरिएको छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य सम्पादन मूल्यांकन सूचकांकमा आधारित मासिक प्रगति विवरणको अनुगमन पोर्टलमा विवरण प्रबिष्टि गर्ने कार्य र अर्थ मन्त्रालयको बजेट बक्तब्यको बूँदामा आधारित मासिक प्रगति प्रबिष्टि गर्ने कार्य सम्पन्न भएको छ ।
- आर्थिक सर्वेक्षण प्रकाशनको लागि अर्थ मन्त्रालयबाट माग भए अनुसार आ .व. २०६९/७० को निमित्त विनियोजित रकम र सोको यथार्थ प्रगति तथा आ .ब. २०७० /७१ को विनियोजन र खर्चको मन्त्रालयगत प्रगति विवरण. २०७० र नेपाल सरकारले अवलम्वन गरेको सहकारी तथा गरिबी निवारण क्षेत्रको मुख्य नीति लक्ष्य र लक्ष्य प्राप्तिको विद्यमान अवस्थाबारेको संक्षिप्त विश्लेषण तयार गरी पठाउने कार्य सम्पन्न गरिएको छ ।
- सहकारी तथा गरिवी निवारण मन्त्रालय र अ न्तर्गतको निकायहरूको आर्थिक बर्ष ०७१।७२ को वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गरी अर्थ मन्त्रालयमा पेश गरिएको छ । अर्थ मन्त्रालयबाट मन्त्रालयस्तरमा अनलाईन पद्दति LMBIS प्रणालीमा आधारित रही पहिलोपटक बार्षिक बजेटको तर्जुमा गरिएको छ । अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सिमा तथा मार्गदर्शन तीन बर्षीय योजनामा आधारित रही मन्त्रालय र अन्त गतका निकायहरूबाट प्राप्त कार्यक्रम तथा बजेटको आधारमा मन्त्रालयस्तरमा यसलाई अन्तिमरुप दिईएको थियो ।

- आर्थिक बर्ष ०७१ /७२ को यस मन्त्रालय र अन्त  र्गत निकायहरूको लागि बार्षिक  बिकास कार्यक्रम (भाग १) तयार गरी स्वीकृतिको लागि राष्ट्रिय योजना आयोगमा पेश गरिएको छ । साथै आगामी तीन बर्षको लागि यस मन्त्रालय र अन्त  र्गतकाको निकायहरूको लागि मध्यकालिन खर्च संरचना (MTEF) को तर्जुमा गरी अर्थ मन्त्रालयमा पेश गरिएको छ ।
- विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सूचना प्रविधि नीति कार्यन्वयनको लागि निर्माण गरिएको राष्ट्रिय सूचना प्रविधि मार्गचित्र, २०७०–२०७४, कृषि विकास मन्त्रालयको कृषक सहुलियत कार्ड बितरण निर्देशिका, २०७० सम्बन्धमा यस मन्त्रालयको तर्फबाट राय परामर्श तयार गरी पठाईएको छ ।

## मन्त्रालयमा सरुवा भई आउनु भएका कर्मचारीहरूको विवरण

| सि.नं. | पद | कर्मचारीको नाम | बहाली मिति | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | सचिव | श्री सुरेशमान श्रेष्ठ | २०७१।२।१२ | | |
| २ | सह-सचिव | श्री खड्ग बहादुर राना | २०७१।१।२४ | | |
| ३ | ना.सु. | श्री राजेश कुमार लम्साल | २०७१।१।८ | | |

## हेलो सरकारबाट प्राप्त हुन आएका उजुरीहरूको प्रगति विवरण

| क.सं | गुनासोको च.नं. र मिति | गुनासोकर्ताको नाम र ठेगाना | गुनासोको विषय | फछ्र्यौट भएको कारवाहीको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १ | च :.नं. १३३१०, २०७०।१०।१४ | दिप व. श्रेष्ठ, सुनसरी, महेन्द्रनगर -१ | ओरेन्टल कोअपरेटिभ | आवश्यक कारवाहीको लागि बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७० मा पठाइएको । |
| २ | च.नं. १३४६१, २०७०।१०।२२ | नारायण प्र.रिमाल, नुवाकोट, खडभञ्ज्झायङ-५ | सहकारीको अनियमितता छानविन हुन पर्यो । | " साथै सहकारी विभाग र डि.स.का., नुवाकोटलाई समेत बोधार्थ दिइएको । |
| ३ | च :.नं. १३५४७, २०७०।१०।२४ | गौतम वीर बज्राचार्य समेत ३ जना, ललितपुर उपनपा -३ पुल्चोक | गुण मल्टिपल को-अपरेटिभ पुल्चोकबाट रकम असुल गराइ पाउँ। | आवश्यक कारवाहीको लागि बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७० मा पठाइएको । |
| ४ | च :.नं. १३५९२, २०७०।१०।२७ | भेगास सिटी उपभोक्ता समुह, ललितपुर इमाडोल -४ | निर्माण कार्य पुनः सञ्चालन भएको सम्बन्धमा। | " |
| ५ | च :.नं. १३८१७, २०७०।११।९ | तेज बहादुर गुरुङ, ललितपुर | आवश्यक कारवाही गरी पाउँ । | आवश्यक कारवाहीको लागि बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७० मा पठाइएको । |
| ६ | च.नं. १३९०१, २०७०।११।१३ | बिष्णुबहादुर सिंह, | ब्याज तथा सावा | " |

| | | | | |
|---|---|---|---|---|
| | | महाकाल - ७ मण्डिखाटार | भुक्तानी बारे। | |
| ७ | च :.नं. १४०१९, २०७०।११।१९ | बासुदेव बोहरा, बझाङ-४ | कर्मचारीहरूलाइ काममा फर्काउनु पर्यो । | कार्य विभाजन नियमावली अनुसार साझा प्रकाशन शिक्षा मन्त्रालय अन्तर्गत रहेकोले आवश्यक कार्यार्थ जनगुनासो शिक्षा मन्त्रालयमा पठाएको । |
| ८ | च :.नं. १४०७४, २०७०।११।२१ | लाल वहादुर शाही, दार्चुला, कोटिला-५ | परिचय पत्र राहत सम्बन्धी । | तहाँ कार्यालयमा यस मन्त्रालयको च.नं. १०९४ मिति २०७०।११।२३ को पत्रबाट परिचय पत्र बनाउनका लागि कार्य विश्लेषण software को कामको प्रस्ताव मुल्यांकन भैरहेको र करार सम्पन्न भएपछि परिचय पत्र सम्बन्धी कार्त गरिने व्यहोराको जानकारी पठाइएको । |
| ९ | च :.नं. १३८१७, २०७०।११।९ | तेज बहादुर गुरुङ, ललितपुर | आवश्यक कारवाही गरी पाउँ । | बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७० गठन भई छानबिन कार्य भईरहेको हुँदा कारबाहीको लागि उक्त आयोगमा पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फर्छ्यौटमा राखिएको । |
| १० | च.नं. १३९०१, २०७०।११।१३ | बिष्णुबहादुर सिंह, महाकाल - ७ मण्डिखाटार | ब्याज तथा सावा भुक्तानी बारे। | " |
| ११ | च :.नं. १४०१९, २०७०।११।१९ | बासुदेव बोहरा, बझाङ-४ | कर्मचारीहरूलाइ काममा फर्काउनु पर्यो । | कार्य विभाजन नियमावली अनुसार साझा प्रकाशन शिक्षा मन्त्रालय अन्तर्गत रहेकोले जनगुनासोको छाँयाप्रति उक्त मन्त्रालयमा पठाईसकिएको हुँदा कार्य फर्छ्यौटमा राखिएको । |
| १२ | च :.नं. १४०७४, २०७०।११।२१ | लाल वहादुर शाही, दार्चुला, कोटिला-५ | परिचय पत्र राहत सम्बन्धी । | २५ जिल्लाको गरिब परिचय पत्र बनाउनको लागि कार्य विश्लेषण सफ्टवेयरको कार्य भै रहेको र करार सम्पन्न भए पछि परिचय पत्र सम्बन्धि कार्य गरिने भएको हुँदा कार्य फर्छ्यौटमा राखिएको । |
| १३ | च :.नं. १४१५३, २०७०।११।२३ | गोप्य, भक्तपुर | समस्या छिटो हल गर्नुपर्यो । | कार्यक्षेत्र भित्र नपरेकोले फिर्ता पठाईएको । |
| १४ | च :.नं. १४४८४, २०७०।१२।७ | ईन्द्र कुमार थापा, कुमारी थापा । | आवश्यक छानविन गरि कारवाही गरि पाउं । | आवश्यक कारबाहीको लागि डिभिजन सहकारी कार्यालय, काठमांडौ पठाईएको । |
| १५ | च :.नं. १५२८२, २०७१।१।१६ | उर्मिला देवी, पर्सा, विरगञ्ज | मुद्धति निक्षेप लिइ ठगी गरेको। | बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७० मा आवश्यक कारबाहीको लागि पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फर्छ्यौटमा राखिएको । |
| १६ | च.नं. १५३१४, २०७१।१।१७ | सुन्दर काजी जोशी, काभ्रे, पनौती- ६ | रकम असुल गरी पाउँ । | " |
| १७ | च :.नं. १५४६७, २०७१।१।२३ | सुन्दर काजी जोशी, काभ्रे, पनौती- ६ | ठगी गर्ने सहकारीलाई कारवाही गरी पाउँ । | सहकारी विभागमा डि.स.का.बाट आवश्यक कारबाही गर्न भनी लेखी पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फर्छ्यौटमा राखिएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | । |
| १८ | च :.नं. १५४३९, २०७१।१।२२ | निक्षेपकर्ताहरूको हक हित संरक्षण समिति, मैतिदेवी | ओरेन्टल को-अपरेटिभ लि. निक्षेपकर्ताहरूको समस्या समाधान गर्न सहयोग बारे। | सहकारी विभागमा आवश्यक कारबाहीको लागि पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फर्छ्यौटमा राखिएको । |
| १९ | च :.नं. १५५२९, २०७१।१।२४ | लाल वहादुर शाही, दार्चुला, कोटिला-५ | आवश्यक कारबाही सम्बन्धमा । | २५ जिल्लाको गरिब परिचय पत्र बनाउनको लागि कार्य विश्लेषण सफ्टवेयरको कार्य भै रहेको र करार सम्पन्न भए पछि परिचय पत्र सम्बन्धी कार्य गरिने भएको हुँदा आवश्यक कारबाहीको लागि गरिब घरपरिवार पहिचान समन्वय बोर्डमा पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फर्छ्यौटमा राखिएको । |
| २० | च :.नं. १५५८८, २०७१।१।२५ | गोविन्द प्रसाद हुमागाई, काभ्रे,-३ | पशु विमा रकम पाउन ढिलाई गर्नुभएन । | डि.स.का., काभ्रेमा आवश्यक कारबाही गरी सोको जानकारी पठइदिन भनी लेखी पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फर्छ्यौटमा राखिएको । |
| २१ | च :.नं.१५९२६, २०७१।२।५ | भोला बस्नेत, झापा-पाँचगाछी-१ | छनौटमा पारदर्शिता हुन माग गरेको बारे । | सहकारी विभागमा आवश्यक कारबाही गर्न भनी लेखी पठाईएकोले यस मन्त्रालयको तर्फबाट कार्य फर्छ्यौटमा राखिएको । |
| २२ | च :.नं.१५९३५, २०७१।२।६ | असोक कुमार के.सी, ललितपुर चापागाउ -७ | नियमानुसारको सावाँ ब्याज रकम लिइ जग्गा फिर्ता गराइ पाउ। | " |
| २३ | च :.नं.१६१३३, २०७१।२।१८ | गोप्य, बाग्लुङ | गाउँ बेशी बहुउद्देशिय सहकारी संस्था ढिप्ती र बागलुङको छानविन सम्बन्धमा। | " |
| २४ | च :.नं.१६१४८, २०७१।२।१९ | बलराम श्रेष्ठ, भक्तपुर | सहकारीले पैसा फिर्ता गरेन । | " |
| २५ | च :.नं.१६३६२, २०७१।२।२८ | सुरेन्द्र बहादुर श्रेष्ठ, ललितपुर-२ | आवश्यक कारवाही सम्बन्धमा । | " |
| २६ | च :.नं.१६४३२, २०७१।२।३० | एसयमएस | कारवाही हुदैन? | " |
| २७ | च :.नं.१५९२६, २०७१।२।५ | भोला बस्नेत, झापा-पाँचगाछी-१ | छनौटमा पारदर्शिता हुन माग गरेको बारे । | फछर्यौट भएको |
| २८ | च :.नं.१५९३५, २०७१।२।६ | असोक कुमार के.सी, ललितपुर चापागाउ -७ | नियमानुसारको सावाँ ब्याज रकम लिइ जग्गा फिर्ता गराइ पाउ। | फछर्यौट भएको |
| २९ | च :.नं.१६१३३, २०७१।२।१८ | गोप्य, बाग्लुङ | गाउँ बेशी बहुउद्देशिय सहकारी संस्था ढिप्ती र बागलुङको छानविन सम्बन्धमा। | फछर्यौट भएको |
| ३० | च :.नं.१६१४८, २०७१।२।१९ | बलराम श्रेष्ठ, भक्तपुर | सहकारीले पैसा फिर्ता गरेन । | फछर्यौट भएको |

# मनोनयन (स्वदेश/विदेश)

| सि. नं. | नम | पद | कार्यरत निकाय | विषय | अवधि | संस्था/मुलुक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री लालमणि जोशी | सचिव | मन्त्रालय | गरिवी निवारणका कार्यक्रम | २०७०।१२।३-८ | भारत | |
| २ | श्री सुरेश प्रधान | सह-सचिव | मन्त्रालय | " | " | " | |
| ३ | श्री सानुकाजी देसार | उप-सचिव | मन्त्रालय | " | " | " | |
| | | | | Seminar on Development & Poverty Reduction for Nepal | July 24-Aug 8, 2014 | चीन | |
| ४ | श्री चन्द्र बहादुर ठकुरी | उप-सचिव | मन्त्रालय | ICA-ACFSMC Training on Agricultural Product Marketing & Logistic for Cooperatives | June 23-28, 2014 | चीन | |
| ५ | श्री बिजुकुमार श्रेष्ठ | उप-सचिव | मन्त्रालय | Key Indicators for Asia & Pacific 2014 Workshop on Untold side of Asia's Poverty Story | March 10-11, 2014 | फिलिपिन्स | |
| ६ | श्री प्रभुनाथ राई | शाखा अधिकृत | मन्त्रालय | From Sufficiency Economy to Wealthiness of the Nation | 30 June-28 July, 2014 | थाइल्याण्ड | |
| ८ | श्री गुणा राई | शा.अ. | मन्त्रालय | Master Programme in Global Master of Public Administration/International Studies | Aug 2014-Dec 2015 | Seoul, Korea | Conformation नआएको । |
| ९ | श्री आनन्द शर्मा भुसाल | शा.अ. | मन्त्रालय | Master Degree Programme in Development Competency through SME | Aug 2014-Dec 2015 | Seoul, Korea | " |

नेपाल सरकार

**सहकारी तथा गरिबी निवारण मन्त्रालय**

२०७१ वैशाख महिना सम्मको

वेरुजु फछ्र्यौटको प्रगति विवरण

रु. हजारमा

| विवरण | जम्मा वेरुजु लगत | सं.प.लाई लेखिगएको | संपरिक्षणवाट फछ्र्यौट वेरुजु | | | | | | कुल जम्मा | सं.प.नभई फिर्ता प्राप्त | लेखिगएको मध्ये संप. हुन बाँकी | लेखि पठाउन बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत महिना सम्म | | यो महिनाको | | जम्मा | | | | | | |
| | | | म.ले.प.का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प.का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प.का. वाट | कुमारीचोक तथा के.त.वाट | | | | | |
| १)साबिक देखि आ.व. २०५९/६० (म.ले.प.को प्रतिवेदन २०६१ सम्मको) | | | | | | | | | | | | | |
| २)आ.व.२०६०/०६१ देखि आ.व.०६७/६८(म.ले.प.को प्रतिवेदन २०६८ सम्मको) | ४९२६७ | ८०८५ | ११११३ | | ० | ० | ११११३ | | ११११३ | | ८०८५ | ३००६९ | २२.५५% |
| ३)आ.व. २०६८/६९ (म.ले.प.को प्रतिवेदन २०६९ सम्मको थप ) | ७१५२ | ७ | १३२८ | | ० | ० | १३२८ | | १३२८ | | ७ | ५८१७ | १८.५६% |
| जम्मा | ५६४१९ | ८०९२ | १२४४१ | | ० | ० | १२४४१ | | १२४४१ | | ८०९२ | ३५८८६ | २२.०५% |

विशेष विवरण

१.जम्मा वेरुजु मध्ये असुल गर्नु पर्ने :- ३२१७

२.जम्मा फछ्र्यौट मध्ये असुलउपर भई फछ्र्यौट :-

३.वेरुजु र फछ्र्यौटको विभागगत विवरण संलग्नछ ।

द्रष्टव्य :- समिति तर्फको छुट्टै पानामा उल्लेख गर्नु पर्नेछ ।

नेपाल सरकार

## सहकारी तथा गरिबी निवारण मन्त्रालय

२०७१ वैशाख महिना सम्म्को

निकायगत वेरुजु फछर्यौटको प्रगति विवरण

रु. हजारमा

| विवरण | जम्मा वेरुजु लगत | सं.प.लाई लेखिगएको | संपरिक्षणवाट फर्छौट वेरुजु | | | | | | कुल जम्मा | सं.प.नभई फिर्ताप्राप्त | लेखिगए को मध्ये संप. हुन बाँकी | लेखि पठाउन बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत महिना सम्म | | यो महिनाको | | जम्मा | | | | | | |
| | | | म.ले.प. का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प. का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प. कावाट | कुमारीचोक तथा के.त.वाट | | | | | |
| (१) १.साबिक देखि आ.व. २०५९/६० (म.ले.प.को प्रतिवेदन २०६१ सम्मको) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (२) १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | | | | | | | | | | | | | |
| (३) १-सहकारी विभाग | | | | | | | | | | | | | |
| (४) ३- उच्च पहाडि गरिवी निवारण आयोजना | | | | | | | | | | | | | |
| जम्मा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (५) २) आ.व.२०६०/०६१ देखि आ.व.०६७/६८ (म.ले.प.को प्रतिवेदन २०६८ सम्मको) | | | | | | | | | | | | | |
| (६) १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (७) २- सहकारी विभाग | ११२२८ | | ३२९८ | ० | ० | ० | ३२९८ | ० | ३२९८ | ० | ० | ७९३० | २९.३७% |
| (८) ३- उच्च पहाडि गरिवी निवारण आयोजना | ३८०३९ | ८०८५ | ७८१५ | ० | ० | ० | ७८१५ | ० | ७८१५ | ० | ८०८५ | २२१३९ | २०.५४% |
| जम्मा | ४९२६७ | ८०८५ | ११११३ | ० | ० | ० | ११११३ | ० | ११११३ | ० | ८०८५ | ३००६९ | |
| (९) ३)आ.व. २०६८/६९ (म.ले.प.को प्रतिवेदन २०६९ सम्मको थप ) | | | | | | | | | | | | | |
| (१०) १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (११) २- सहकारी विभाग | ५७१४ | | १३२१ | ० | ० | ० | १३२१ | ० | १३२१ | ० | | ४३९३ | २३.०२% |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (१२) ३- उच्च पहाडि गरिवी निवारण आयोजना | १४३८ | ७ | ७ | ० | ० | ० | ७ | ० | ७ | ० | ७ | १४२४ | .५% |
| जम्मा | ७१५२ | ७ | १३२८ | ० | ० | ० | १३२८ | ० | १३२८ | ० | ७ | ५८१७ | |
| साविक देखि २०६८/६९ सम्मको कूल प्रगति विवरण | | | | | | | | | | | | | |
| (१३) १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| (१४) २- सहकारी विभाग | १६९४२ | | ४६१९ | ० | ० | ० | ४६१९ | ० | ४६१९ | ० | | १२३२३ | २७.२६% |
| (१५) ३- उच्च पहाडि गरिवी निवारण आयोजना | ३९४७७ | | ७८२२ | ० | ० | ० | ७८२२ | ० | ७८२२ | ० | ८०९२ | २३५६३ | १९.८१% |
| कूल जम्मा | ५६४१९ | ८०९२ | १२४४१ | ० | ० | ० | १२४४१ | ० | १२४४१ | ० | ८०९२ | ३५८८६ | २२.०५% |

# अद्यावधिक तथ्यांक एवं सूचकहरूको तुलनात्मक स्थिति

## तालिकाः सहकारी क्षेत्रमा आवद्ध संस्था, सदस्य, शेयर पूँजी, बचत तथा लगानीको प्रवृत्ति

**(रकम रु. हजारमा)**

| आ.ब. | संस्थाहरूको संख्या | सदस्यहरूको संख्या | कुल शेयर पुँजी | कुल बचत | कुल लगानी . |
|---|---|---|---|---|---|
| २०६३/६४ | ९७२० | १२५९७४७ | १०४५५६३ | १९५१७५१७ | २४१४८४८ |
| २०६४/६५ | १२६४६ | १८४३७५९ | ८९५९१७२ | २९३०८४३४ | ३००२४६२५ |
| २०६५/६६ | १९७२४ | २१३८३३४८ | ८४८२४७६ | ४५६७६९४४ | ५२६६०११७ |
| २०६६/६७ | २२६४६ | २९६३११४ | २०१९६२७४ | १२१८३१३५९ | १०५४५३५७ |
| २०६७/६८ | २३३०१ | ३१४१५८१ | २०२२५१३९ | ११७२९५२२८ | ११६८३५८१४ |
| २०६८/६९ | २६५०१ | ३८४२६५७ | २७०९५१५१ | १३९५४३९७१ | १३४३८३२४१ |
| २०६९।७० | २७९१४ | ४१०४०२५ | २८८२३०६० | १४७०६९६६३ | १३७०८४८७३ |
| २०७०।७१ # | ३००८० | ४३९६४४४ | ३५०६७६१२ | १५९७३२६७५ | १३५१५२९७८ |

स्रोतः सहकारी विभाग

# चालु आर्थिक वर्षको आठ महिनासम्मको विवरण

## तालिका: प्रारम्भिक सहकारी संस्थाहरूसम्बन्धी विवरण (चालु आर्थिक वर्षको आठ महिनासम्मको)

**(रकम रु. हजारमा)**

| कार्य प्रकृति | संस्था संख्या | सदस्य | | शेयर पुंजी . | निक्षेप | लगानी |
|---|---|---|---|---|---|---|
| | | पूरुष | महिला | | | |
| बचत तथा ऋण | १२९६१ | ११९३९०१ | ११२७०३५ | २५२७४०८९ | ११९४५५३११ | १०१६५६२४५ |
| बहुउद्देश्यीय | ४१०३ | ६१९४७४ | ३९९४३१ | ६३७०२१९ | २९२४९९१८ | २४९४६२६७ |
| कृषि | ७३६७ | ३२५८२८ | २७४२२६ | १८३२०७२ | ३२९९५०५ | ४६७५६१५ |
| दुग्ध | १७४२ | ८४३८८ | २८९२६ | ४५७६९९ | ५९२५६३६ | ४२२२१४ |
| उपभोक्ता | १५०३ | ३५९७४ | २३५०१ | २३५७७६ | २५५५०० | ४५५४३७ |
| विद्युत | ४२६ | ५४९४५ | १२१३१ | ७९१२३ | ४२८५६ | ११६१७१ |
| तरकारी तथा फलफूल | २०० | १५४१० | १८२३० | ५५७१२ | ३०२०१२ | ५९३७१२ |
| िचिया | १०८ | ४२०२ | १६१९ | ३६४९९ | १३३१५ | २२७०४ |
| क्फि | १४६ | ३१८१ | २३२८ | १२५५४ | १६९१७ | ६३२४ |
| जडिबुटी | १८३ | ४२७५ | २३१९ | १७२३२ | ६१८३ | १०७०२ |
| मौरीपालन | ६४ | २४५८ | १४५२ | ७३७८ | ४१०२ | ५०९८ |
| संचार | ११९ | ८८०३ | ३९५९ | १२४६५५ | २२३२२ | २०७४३ |
| स्वास्थ्य | ९० | ५८३३ | ३८०९ | २५८५२२ | ११२८४९ | १०६०६२ |
| उखु | ४७ | ९४३ | २८७ | ४६६३ | १०६५३ | २१२१ |
| जुनार | ४३ | ८९९ | ५१६ | ९८१ | ६१२५ | ६२२३ |
| अन्य | ९७८ | ५९४४४ | ७६७१७ | ३००४३८ | १००९४७१ | २१०७३४० |
| जम्मा | ३००८० | २४१९९५८ | १९७६४८६ | ३५०६७६१२ | १५९७३२६७५ | १३५१५२९७८ |

स्रोतः सहकारी विभाग

**संरक्षक** **सल्लाहकार**

सचिव श्री सुरेश मान श्रेष्ठ सह -सचिव श्री सुरेश प्रधान

**सम्पादक मण्डल**

सह-सचिव श्री खड्ग बहादुर राना संयोजक

उप-सचिव श्री सानुकाजी देसार सदस्य

उप-सचिव श्री बिजुकुमार श्रेष्ठ सदस्य

उप-सचिव श्री चन्द्र बहादर ठकुरी सदस्य

उप-सचिव श्री बाबुराम भुसाल सदस्य

उप-सचिव (लेखा) श्री राम बहादुर के.सी. सदस्य

लेखा अधिकृत श्री जगन्नाथ पौडेल सदस्य

शाखा अधिकृत श्री लक्ष्मी नारायण बै द्य सदस्य सचिव

**कम्प्यूटर⁄डिजाइनिङ**

कम्प्यूटर अपरेटर श्री समीक्षा मिश्र

**आवरण फोटो**

**प्रथम राष्ट्रिय सहकारी महासम्मेलन , २०७० को समुद्घाटन सम्मारोहमा सम्माननीय राष्ट्रपति डा . रामरवरण यादव**

## मन्त्रालयको सम्पर्क टेलिफोन नम्बर

मा.मन्त्रीज्यू: ४२०००५५, श्रीमान् सचिवज्यू : ४२११८६०, सह-सचिव (सहकारी तथा व्यवस्थापन महाशाखा): ४२११७८१, योजन तथा गरिबी निवारण महाशाखाः ४२०००५८ , प्रशासन तथा जनशक्ति विकास शाखा : ४२११६५७⁄४२११६९०, आर्थिक प्रशासन शाखा : ४२११५७६ , सहकारी प्रबर्द्धन शाखा : ४२००४२० , गरिबी निवारण शाखा : ४२०००८० ⁄४२११७९०, योजना तथा नीति तर्जुमा शाखा : ४२००४०६, अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा: ४२०००६०

**बेव साईट : www.mocpa.gov.np**

## मन्त्रालयद्वारा संचालित PEARLS तालिम कार्यक्रम सम्बन्धी केही झलकहरू





PEARLS तालिममा सहभागीलाई प्रमाण पत्र वितरण गर्नु हुदै सचिव श्री सुरेश मान श्रेष्ठ





PEARLS तालिममा सहभागी कर्मचारीलाई प्रमाण पत्र वितरण गर्नु हुदै सहसचिव श्री खड्ग बहादुर राना



PEARLS तालिममा सहभागी हरू



Pearls तालिममा सहभागीहरू